**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग फोनमा कुरा गर्नु भयो, श्री ट्रम्पले श्री मोदीलाई जन्मदिनको शुभकामना दिनु भयो ।

- केन्द्रीय गृहमन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको ७५ औं जन्मदिनमा आज दिल्लीको त्यागराज स्टेडियममा १५ प्रमुख योजनाहरूको सुरुवात गर्नु हुनेछ।

- केन्द्रीय मन्त्री जेपी नड्डाले हिज दिल्लीमा मौरिससका प्रधानमन्त्री नवीनचन्द्र रामगुलामसंग भेट वार्ता गर्नु भयो I

- गत हप्ता नेपालमा सरकार विरुद्ध भएको हिंसात्मक आन्दोलनमा मारिएका जेन जी ' प्रदर्शनकारीहरूको सम्झनामा आज नेपालमा शोक मनाउने छ।

- महिला क्रिकेटमा भारत अनि अष्ट्रेलियाबीच दोस्रो एक दिवसीय म्याच चण्डीगढमा आज दिउसो १ बजेर ३० मिनटमा शुरु हुनेछ I

**पीएम-ट्रंप**

प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग फोनमा कुरा गर्नु भयो। श्री ट्रम्पले श्री मोदीलाई जन्मदिनको शुभकामना दिनु भएको छ। सामाजिक सञ्जालमा एक पोस्टमा श्री मोदीले राष्ट्रपति ट्रम्प जस्तै, आफु पनि भारत र अमेरिका बीचको व्यापक र विश्वव्यापी साझेदारीलाई नयाँ उचाइमा पुऱ्याउन प्रतिबद्ध रहेको बताउनु भयो। उहाले भारतले युक्रेन द्वन्द्वको शान्तिपूर्ण समाधानको लागि श्री ट्रम्पको पहललाई समर्थन गर्ने बताउनु भयो। यसैबीच राष्ट्रपति ट्रम्पले पनि सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुदै प्रधानमन्त्री मोदीसँगको आफ्नो कुराकानीलाई उत्कृष्ट कुराकानी भएको बताउनु भएको छ। उहाले रुस-युक्रेन युद्ध अन्त्य गर्न सहयोग गरेकोमा प्रधानमन्त्री मोदीप्रति कृतज्ञता व्यक्त गर्नु भएको छ।

**अमित शाह - 15 प्रमुख योजना**

केन्द्रीय गृहमन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको ७५ औं जन्मदिनमा आज दिल्लीको त्यागराज स्टेडियममा १५ प्रमुख योजनाहरूको सुरुवात गर्नु हुनेछ। यसमा दृष्टिविहीन कलेज जाने छात्राहरूका लागि अटल दृष्टि होस्टेल, बौद्धिक रूपमा अशक्तहरूका लागि अटल आशा गृह र ज्येष्ठ नागरिकहरूका लागि सावित्रीबाई फुले गृह समावेश छन्। यी पहलहरू प्रधानमन्त्री नरेन्द्र मोदीको ७५ औं जन्मदिनको अवसरमा आज सुरु हुने "सेवा पखवाडा" को एक हिस्सा हुन्। यसैबीच दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले भन्नु भयो, यी परियोजनाहरूले समाजको कुनै पनि वर्ग पछाडि नपरोस् भन्ने कुरा सुनिश्चित गर्ने आफ्नो सरकारको प्रतिबद्धताको प्रतीक हो।

**नड्डा-मौरीशस प्रधानमंत्री**

केन्द्रीय मन्त्री जेपी नड्डाले हिज दिल्लीमा मौरिससका प्रधानमन्त्री नवीनचन्द्र रामगुलामसंग भेट वार्ता गर्नु भयो र भारत अनि मौरिससबीचको स्थायी सांस्कृतिक र सभ्य सम्बन्धलाई प्रकाश पर्नु भयो। श्री नड्डाले दुई देशबीचको बलियो ऐतिहासिक र सांस्कृतिक सम्बन्धमाथि जोड दिनु हुदै यो भ्रमणले यस वर्षको सुरुमा प्रधानमन्त्री नरेन्द्र मोदीको मौरिससको भ्रमणमा आधारित रहेको जसले द्विपक्षीय सम्बन्धलाई उन्नत रणनीतिक साझेदारीमा पुर्याएको बताउनु भयो। बैठकमा श्री नड्डाले द्विपक्षीय सहयोगमा हालैमा घोषणा गरिएको पहलहरुको स्वागत गर्नु भयो , जसमा मौरिससमा आयुष उत्कृष्टता केंद्रको स्थापना अनि

नयाँ एसएसआर राष्ट्रीय अस्पतालका लागि भारतको समर्थन सामेल छ। उहाले मौरिससमा पहिलो विदेशी जनऔषधी केन्द्रको सुरुवातको शरहना गर्नु भयो।

**वैष्णव-पीएम बधाई**

केन्द्रीय सूचना तथा प्रविधि मन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्री नरेन्द्र मोदीलाई ७५ औं जन्मदिनको शुभकामना दिनु भएको छ। सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुदै श्री वैष्णवले भन्नु भयो,श्री मोदीले भारतलाई नयाँ दिशा, नयाँ प्रेरणा र नयाँ ऊर्जा दिनुभएको छ। उहाले भन्नु भयो, प्रधानमन्त्री मोदीले देखाएको बाटो पछयाएर देश समृद्ध, बलियो बन्नेछ र २०४७ सम्ममा विकसित राष्ट्र बन्ने लक्ष्य हासिल गर्नेछ।

**तमिलनाडु मुख्यमन्त्री**

तमिलनाडुका मुख्यमन्त्री एम.के. स्टालिनले प्रधानमन्त्री नरेन्द्र मोदीलाई राज्यमा कृषि उत्पादन बढाउन मलको आपूर्ति सुनिश्चित गर्न तत्काल कदम चाल्न आग्रह गर्नु भएको छ। प्रधानमन्त्रीलाई लेखेको पत्रमा, श्री स्टालिनले रसायन तथा मल मन्त्रालयलाई मलको अभावलाई चाडै सम्बोधन गर्न निर्देशन दिन अनुरोध गर्नु भएको छ। उहाले राज्यलाई ४० हजार मिलियन टन युरिया, २० हजार मिलियन टन डीएपी, २० हजार मिलियन टन एमओपी र ४० हजार मिलियन टन एनपीके कम्प्लेक्स चाँडै विनियोजन गर्न पनि आग्रह गर्नु भएको छ। मुख्यमन्त्रीले गत महिना आपूर्तिमा भएको अभावको पनि उल्लेख गर्नु हुदै श्री मोदीलाई खरीफ र आगामी रबी सिजनमा तमिलनाडुमा मलको अभावलाई सम्बोधन गर्न तत्काल कदम चाल्न अपील पनि गर्नु भएको छ।

**उत्तर प्रदेश-सेवा पर्व**

उत्तर प्रदेश सरकारले सेवा पर्वको अवसरमा १५ लाख बिरुवा रोप्ने र स्वच्छ उत्सव जस्ता धेरै अभियानहरू सञ्चालन गर्नेछ। यसका लागि विभिन्न विभागहरूले व्यापक मात्रामा तयारी गरेका छन्। सरकारले राज्यभर स्वस्थ नारी सशक्त परिवार अभियान पनि सुरु गर्नेछ। यस अवधिमा स्वास्थ्य र रक्तदान शिविरहरू आयोजना गरिनेछ। राज्यको शहरी विकास विभागद्वारा स्वच्छता ही सेवा पखवाडा मनाइनेछ। यसअन्तर्गत सार्वजनिक स्थानहरूमा विशेष सफाई अभियान सञ्चालन गरिनेछ। वन विभागले सेवा पर्वको समयमा राज्यभर १५ लाख बिरुवा रोप्नेछ। यसका साथै, वन विभागले सेवा पर्वलाई स्वच्छ उत्सवको रूपमा मनाउनेछ।

**CDS - जेनेरल अनिल चौहान -सिलगढी**

भारतीय सेनाका चीफ अफ स्टाफ CDS - जेनेरल अनिल चौहान सिलगढी आउनु हुने छ।उहाले भूतपूर्व सैनिकहरु,वीर नारीहरु तथा वीर जननीहरुको पेनसन सम्बंधित समस्याहरुको समाधानका लागि सिलगढीको बेनडुबी सैन्य स्टेशनमा आगामी १८ सितम्बर विहिवारको दिन सिस्टम फर पेनसन एडमिनिसट्रेशन स्पर्श आउट रिच अर्थात स्पर्स पहुंच कार्यक्रमको उद्धाटन गर्नु हुनेछ। नियन्त्रक रक्षा लेखा विभाग पटना द्वारा यसको आयोजना गरिएको छ। यस कार्यक्रमले क्षेत्रका लगभग बीस हजार भूतपूर्व सैनिकहरू,वीर नारीहरू साथै वीर जननीहरूको पेन्सन सम्बन्धित समस्याहरूको समाधान गरिने छ। एक रिपोर्ट-

BYTE

**पुद्दुचेरी- यात्री सेवा दिवस**

भारतीय विमानस्थल प्राधिकरणले यात्री-केन्द्रित सेवाहरूलाई उजागर गर्ने उद्देश्यले आज देशभर यात्री सेवा दिवस मनाउँदैछ। कार्यक्रमको एक भागको रूपमा, विमानस्थलहरूले निर्बाध यात्रा र यात्री अनुभवलाई बढावा दिन धेरै गतिविधिहरू आयोजना गर्नेछन्। यस अवसरलाई मनाउन दक्षिण भारतको पुडुचेरी विमानस्थलमा धेरै पहलहरूको योजना बनाइएको छ। यसमा यात्रीहरूको लागि नि:शुल्क चिकित्सा जाँच, रक्तदान शिविर र उड्डयन करियर र विमानस्थल परिचितता सम्बन्धी कार्यक्रमहरू समावेश छन्।

**करगिल-एसआईए केंद्र बैठक**

लद्दाखमा, एलएएचडीसी कारगिलका अध्यक्ष तथा प्रमुख कार्यकारी काउन्सिलर डा. मोहम्मद जफर अखुनले हिज एसआईए केन्द्र र अन्य खेलकुद परियोजनाहरूको निर्माण स्वीकृति सम्बन्धी उच्चस्तरीय बैठकको अध्यक्षता गर्नु भयो। बैठकमा भारतीय खेलकुद प्राधिकरण, चण्डीगढकी कार्यकारी निर्देशक सुश्री मञ्जुश्री; युवा सेवा तथा खेलकुद लद्दाखकी प्रशासनिक सचिव सुश्री बानु प्रभा; युवा सेवा तथा खेलकुद लद्दाखकी सहनिर्देशक श्री ताहिर हुसेन जुब्दावी; र अन्य अधिकारीहरू उपस्थित थिए। कारगिलको खेल गाउँमा एस ए आई लाई अवन्टन गरिएको जग्गामा खेलकुद पूर्वाधार विकास गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने बारेमा छलफल गरियो। स्वीकृत केही परियोजनाहरूको शिलान्यास यस वर्ष नोभेम्बरसम्ममा गर्ने निर्णय गरियो।

**नेपाल – शोक**

गत हप्ता नेपालमा सरकार विरुद्ध भएको हिंसात्मक आन्दोलनमा मारिएका जेन जी ' प्रदर्शनकारीहरूको सम्झनामा आज नेपालमा शोक मनाउने छ। आन्दोलनले केपी शर्मा ओलीलाई प्रधानमन्त्री पदबाट राजीनामा दिन बाध्य पारेपछि सुशीला कार्कीले देशको अन्तरिम सरकारको प्रधानमन्त्रीको रूपमा शपथ ग्रहण गर्नु भएको थियो । भ्रष्टाचार र सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको आरोपमा जेन जी समूहको नेतृत्वमा भएको राष्ट्रव्यापी विरोध प्रदर्शनमा मारिएका सबैको सम्झनामा सरकारले १७ सेप्टेम्बरको दिन शोक मनाउने दिन घोषणा गरेको छ। विरोध प्रदर्शनका क्रममा कम्तिमा ५९ प्रदर्शनकारी, १० कैदी र तीन प्रहरी मारिएका थिए। सरकारले विरोध प्रदर्शनका क्रममा मारिएकाहरूको परिवारलाई १५ लाख नेपाली रुपियाँ क्षतिपूर्ति दिने घोषणा पनि गरेको छ। प्रधानमन्त्री कार्कीले सेप्टेम्बर ८ र ९ मा जेन जी प्रदर्शनका क्रममा मारिएकाहरूलाई "शहीद" घोषणा गरिने बताउनु भएको छ ।

**महिला क्रिकेट**

महिला क्रिकेटमा आज भारत अनि अष्ट्रेलियाबीच दोस्रो एक दिवसीय म्याच आयोजना हुनेछ I म्याच चण्डीगढमा आज दिउसो १ बजेर ३० मिनटमा शुरु हुनेछ I तीन म्याचको शृंखलाको प्रथम म्याचमा अष्ट्रेलियाले ८ विकेटको शानदार जित दर्ता गर्दै १-० को अग्रता लिएको छ। आईसीसी महिला एकदिवसीय विश्वकप २०२५ को १३ औं संस्करण सुरु हुन दुई हप्ताभन्दा कम समय बाँकी छ। यो सेप्टेम्बर ३० देखि नोभेम्बर २ सम्म भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्नेछ। यस्तो अवस्थामा, यो शृङ्खला तयारीका लागि पनि महत्त्वपूर्ण छ।